# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

गण्डकी प्रदेश

नदिपुर, पोखरा, नेपाल


पत्र संख्याः ०८०/८१

चलानी नं.:

मितिः २०८०।०४।०२

**विषयः सेवाकालीन तालिमको मनोनयन फाराम भर्ने सम्बन्धी सूचना !**

यस प्रतिष्ठानद्वारा आर्थिक वर्ष २०८०।०८१ मा सञ्चालन गरिने गण्डकी प्रदेश अन्तर्गत संघ, प्रदेश र स्थानीय तहमा कार्यरत रा.प.अनं. प्रथम/द्वितीय (खरिदार/नासु) तथा सहायकस्तर चौथो/पाँचौ र प्रदेश तथा स्थानीय तहमा समायोजन/नियुक्त भएका अधिकृतस्तर छैटौं, सातौं र आठौं तहका (आवेदन भर्ने अन्तिम मितिसम्ममा सम्बन्धित् पद/तहमा २ (दुई) वर्ष सेवा अवधि पूरा भएका) इच्छुक कर्मचारीहरुका लागि ३० कार्यदिने सेवाकालीन तालिम मनोनय फाराम भर्न यो सूचना प्रकाशित गरिएको छ ।

**पेश गर्नु पर्ने कागजातहरुः**

१. सम्बन्धित कर्मचारीको विवरण खुलाई भरिएको मनोनयन फाराम ।

२. शुरु नियुक्ति, बढुवा नियुक्ति (बढुवा भएको भए) र सम्बन्धित पद/तहको नियुक्ति पत्रको प्रतिलिपी ।

३. सम्बन्धित कार्यालयबाट मनोनयनको लागि गरिएको सिफारिस पत्र ।

**सम्बन्धित अन्य विवरणहरु**

१. यो सूचनाभन्दा अगाडी यस प्रतिष्ठानमा मनोनयन फाराम भरी सेवाकालीन तालिमको लागि छनौट नभएका इच्छुक कर्मचारीहरुले पनि पुनः मनोनयन फाराम भरी पेश गर्नु पर्नेछ ।

२. सेवा अवधिलाई आधारमानी जेष्ठताको आधारमा कर्मचारीहरुको छनौट गरिनेछ ।

३ . सेवाकालीन तालिममा छनौट भएका कर्मचारीहरुको विवरण र तालिमको मिति पछि प्रकाशित गरी जानकारी गराइनेछ ।

४. सेवाकालीन तालिममा सहभागी हुने कर्मचारीहरुलाई सेवाकालीन तालिम अवधिको यातायात खर्च, दैनिक भ्रमण भत्ता र आवास खर्च कार्यक्रमबाट उपलब्ध गराइने छैन ।

५. मनोनयन फाराम बुझाउने अन्तिम मिति २०८०।०४।१६ गते सम्म हुनेछ ।

६. मनोनयन फाराम प्रतिष्ठानको वेभसाइटबाट डाउनलोड गरी लिन सकिनेछ ।

७. मनोनयन फाराम तथा अन्य कागजात प्रतिष्ठानको ठेगानामा पत्राचार वा प्रतिष्ठानको इमेल ठेगाना मार्फत बुझाउन सकिनेछ ।

८. मनोनयन फाराम पेश गर्ने कर्मचारीले आफ्नो विवरण bit.ly/gpta-inservice मा Log in गरी वा दायाँ तर्फ रहेको QR Code Scan गरी भर्नु पर्नेछ ।

सम्पर्कः ०६१-५७१०८० / ५७०१४६ इमेल academy.gandaki@gmail.com

वेवसाइटः https://gpta.gandaki.gov.np

शाखा अधिकृत